## अनुसुचि १
**(दफा ३ संग सम्बन्धित)**

श्री राष्ट्रिय पुननिर्माण प्राधिकरण
पुनराबेदन समितिमा चढाएको
<u>पुनरावेदनपत्र</u>

**संवत २०७५ सालको पुनराबेदन नं.**

| | |
|---|---|
| काठमाडौ जिल्ला साबिक गोठाटार हाल कागेश्वरी मनहरा नगरपालिका वडा नं. ५ बस्ने रामबीरको नाती रघुबीरको छोरा बर्ष ५५ को सुरबीर श्रेष्ठ....... १ | <u>पुनरावेदक</u> वादी |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| श्री राष्ट्रिय पुननिर्माण प्रधिकारण, सिहदरवार काठमाडौ......................... १<br>श्री राष्ट्रिय पुननिर्माण प्रधिकारण, कार्यकारी समिति सिहदरवार काठमाडौ..... २<br>श्री राष्ट्रिय पुननिर्माण प्राधिकारण, जिल्ला कार्यालय, काठमाडौ................. ३ | <u>विपक्षी</u> प्रतिवादी |

**मुद्दा : पुर्णक्षती घरलाई लाभग्राही सुचिमा नराखेको ।**
(आफ्नो बिषय बस्तु अनुसारको मुद्दाको बिषय लेख्ने)

निर्णय गर्ने निकाय :- राष्ट्रिय पुननिर्माण प्राधिकारण
निर्णय गर्ने अधिकारी :- प्रधिकरण कार्यकारी समिति
निर्णय मिति : २०७५/०२/२५
निर्णय थाहा पाएको मिति :-..............

उपरोक्त उल्लिेखित कार्यालयले खटाएका प्राबिधकको प्रतिबेदन सम्बन्धमा चित्त नबुझी सो उपर प्राधिकरणको जिल्ला कार्यालयमा गुनासो दर्ता गराएकोमा उक्त गुनासो राष्ट्रिय पुननिर्माण प्राधिकरण कार्यकारी समितिको मिति २०७५/०२/२५ को निर्णयमा मेरो चित्त नबुझेको हुंदा राष्ट्रिय पुननिर्माण प्राधिकरण पुनराबेदन कार्यबिधि २०७३ बमोजिम तोकिएको हदम्याद भित्रै देहाय बमोजिमको मागदाबी जिकिर लिई यो पुनराबेदनपत्र प्रस्तुत गरेको छु। राष्ट्रिय पुननिर्माण प्रधिकरण कार्यकारी समितिबाट भएको त्रुटिपूर्ण निर्णय उल्टी गरी पुनरावेदन मागबमोजिम गरी न्याय इन्साफ दिलाइपाऊँ ।

१ यस प्रकरणमा पुनराबेदकको नाम ठेगाना, परिवार संख्या,घरजग्गाको ज.ध.प्रमाण पुर्जा कस्को नाममा छ, उक्त घरजग्गा भएको गा.पा./न.पा., कस्तो घर थियो, २०७२ को भुकम्पले के कस्तो क्षती पुग्यो, हाल कहां के कसरी बसेको अवस्था छ, । जस्ता कुराहरु लेख्ने ।

२ यस प्रकरणमा घरको क्षती पश्चात सरकारी कुन निकायले निरिक्षण गर्‍यो, के कस्तो कार्ड दियो, सहयोग स्वरुप के कती रकम वा जिन्सी कुन निकायले कती पटक दियो । वा दिएन, पाउनु पर्ने थियो वा थिएन सो सम्बन्धमा उल्लेख गर्ने ।

३ यस प्रकरणमा प्राधिकरणबाट खटिएका प्राबिधिकले के कस्तो प्रतिबेदन दिए वा घरको बिवरण लिन छुट भयो वा के कारणले गुनासो गर्नु पर्‍यो, गुनासो कहिले, कहां के के गुनासो राखि निबेदन कहिले दर्ता भएको सो गुनासो उपर के कस्तो निर्णय प्राधिकरणले गर्‍यो, प्रधिकरणले के कस्तो आधार लिएर लाभग्राहीको सुचिमा राखेन र त्यसमा तपाईको चित्त नबुझेको बिषयहरु के हो, भनि उल्लेख गर्ने

४ यस प्रकरणमा तपाईलाई के कुन आधार प्रमाणबाट लाभग्राही सुचिमा राख्नु पर्ने हो त्यसका आधार, कारण र प्रमाणहरु के के छन, ती कुराहरु राख्ने र यो यो आधार र प्रमाणबाट लाभग्राही सुचिमा राख्ने र यो यो आधार प्रमाणबाट न्याय इन्साफ पाउनु पर्छ भन्ने उल्लेख गर्ने ।

५ पुनरावेदन दर्ता गर्न लाग्ने दस्तुर यसैसाथ संलग्न छ ।

६ संलग्न कागजात हरू :

क.

ख.

ग.

७ लेखिएको व्यहोरा ठीक छ झूटो ठहरे कानुनबमोजिम होस् ।

<u>पुनरावेदक</u>

निज सुरबिर श्रेष्ठ

इति संवत् २०७५ साल आषाढ .... गते रोज..... शुभम्.......................................